बैठक संख्या : ८२

मिती : २०७७।१०।१६ गते

स्थान : राप्ती नगरपालिका

समय : विहान ८: ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

उपस्थिति

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी बोध प्रसाद रिजाल

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा अशोक कुमार मिश्र,

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्बिका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

दिपक थिङ

अधिकृत छैठौ श्री शारदा देवी शर्मा

रोजगार संयोजक श्री दिपेन्द्र चौधरी

क.अ. श्री रमेश चौधरी

समज थापा (सहजकर्ता)

पवित्रा पुरी (सहजकर्ता)

रितेश गिरी

मिति २०७७।१०।१६

बैठक संख्या : ८२

प्रस्तावहरु

१. भूमि सम्बन्धी समस्या सामाधान आयोगको कार्य संचालन सम्बन्धमा ।
२. संघ र प्रदेशमा समपुरक र विशेष अनुदानको योजना छनौट सम्बन्धमा ।
३. तराइ मधेश समृद्धि कार्यक्रममा योजना छनौट सम्बन्धमा ।
४. प्रधानमन्त्री रोजगार र उद्यम विकास कार्यक्रमको निर्णय अनुमोदन सम्बन्धमा ।
५. स्वास्थ्य सम्बन्धी कर सम्बन्धमा ।
६. बहुयामिक नमूना ग्राम संचालन सम्बन्धमा ।
७. पुन निर्माण र जनता आवास कार्यक्रम सम्बन्धमा ।
८. पशु प्रयोग शाला भवन सम्बन्धमा ।
९. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
१०. संक्षिप्त बातावरणीय अध्ययन तथा प्रारम्भिक बातावरणी परिक्षण कार्यविधि २०७७ स्वीकृत सम्बन्धमा
११. दीगो विकास कार्यविधि तयार गर्ने सम्बन्धमा ।
१२. रासायनिक मल वितरणमा Agrovete को माग सम्बन्धमा ।
१३. दुइ बाटोहरुको भुक्तानी सम्बन्धमा ।
१४. विद्युतीकरणको बजेट सम्बन्धमा ।
१५. प्रदेश सरकारको रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी सम्बन्धमा ।
१६. खाद्य तथा पोषण सुरक्षा योजना सम्बन्धमा ।
१७. लामो समय सम्म बन्द रहेको बैरहनी कुलो रहेको स्थानमा बाटो निर्माण गर्ने सम्बन्धमा ।
१८. २ नं. वडा कार्यालय भवनको पुन प्राविधिक मुल्याङ्कन गर्ने सम्बन्धमा ।
१९. योजनाको स्थान परिवर्तन सम्बन्धमा ।
२०. प्रारम्भिक बातावरणीय कार्यसूची स्वीकृत सम्वन्धमा ।
२१. आर्थिक सहायता सम्बन्धमा ।
२२. नगरपालिकाले प्रयोग गरेको घरको घरभाडा सम्बन्धमा ।

Scanned with CamScanner

मिति २०७७।१०।१६

बैठक संख्या : ८२

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल गर्दा राप्ती नगरपालिका क्षेत्रभित्र रहेको भूमिहिन दलित तथा भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासको समस्या समाधान गर्न देहाय अनुसार निर्णय गर्ने निर्णय गरियो ।

१. भूमिहिन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि २०७७ को दफा ३ को उपदफा (१) बमोजिम राप्ती नगरपालिकामा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणिकरण तथा नाम नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न नगर स्तरिय देहाय बमोजिमको **भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति** गर्ने निर्णय गरियो ।

**तपसिल**

१. नगर प्रमुख श्री प्रभा बराल पौडेल – संयोजक
२. नगर उपप्रमुख श्री इमान सिंह लामा – सहसंयोजक
३. ने क पा पार्टी प्रतिनिधि श्री भिम बहादुर पुन - सदस्य
४. नेपाली कांग्रेसका पार्टी प्रतिनिधि श्री नारायण उप्रेती – सदस्य
५. नगरपालिका सल्लाहकार श्री मान बहादुर स्याङ्बो – सदस्य
६. रा.प्र.पा. पार्टी प्रतिनिधि श्री गोपाल पाण्डे – सदस्य
७. कार्यपालिका सदस्य श्री रमिता परियार – सदस्य
८. कार्यपालिका सदस्य श्री दिल कुमारी लामा – सदस्य
९. सामाजिक व्यक्तित्व श्री फणिन्द्र सापकोटा – सदस्य
१०. सामाजिक व्यक्तित्व श्री सुनिता सिलवाल – सदस्य
११. प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल – सदस्य सचिव

२. राप्ती नगरपालिकामा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन गर्ने कार्य सम्पन्न गर्न भुमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासको स्थानीय तहबाट लगत संकलन कार्यविधिको दफा ४ (१) बमोजिम "**भूमिहिन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासको विवरण र तथ्याङ्क संकलन इकाई**" गठन गर्ने र सो इकाइको प्रमुखको रुपमा **इन्जिनियर श्री अर्जुन पौडेल**लाई नियुक्त गर्ने निर्णय गरियो ।

३. भुमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची-३ र अनुसूची-४ फारम रुजु गर्ने कर्मचारीको रुपमा प्रत्येक वडामा तपसिल अनुसारको वडा सचिवहरुलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**रुजु गर्ने तपसिल कर्मचारी**

१. १ नं. वडा सचिव श्री कमला मुक्तान
२. २ नं. वडा सचिव श्री सुभाष कुवर
३. ३ नं. वडा सचिव श्री दुरदर्शी जंग थापा
४. ४ नं. वडा सचिव श्री सुष्मा पुडासैनी
५. ५ नं. वडा सचिव श्री प्रमिला न्यौपाने
६. ६ नं. वडा सचिव श्री सुधन थिङ
७. ७ नं. वडा सचिव श्री विर्जलाल डाँगी
८. ८ नं. वडा सचिव श्री विष्णु अधिकारी
९. ९ नं. वडा सचिव श्री मंलग तमाङ
१०. १० नं. वडा सचिव श्री सरिता भट्टराई
११. ११ नं. वडा सचिव श्री लेखनाथ घलान
१२. १२ नं. वडा सचिव श्री खिमा लामिछाने
१३. १३ नं. वडा सचिव श्री नविन कुमार प्रजापति

४. राप्ती नगरपालिकाका १३ वटै वडामा भूमि सम्बन्धि समस्या समाधान सहजीकरण वडा स्तरिय समितिहरु आयोगको कार्यविधि अनुसार गठन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

मिति २०७७।१०।१६

बैठक संख्या : ८२

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा संघ र प्रदेशमा समपुरक र विशेष अनुदानको लागि कार्यविधिको मापदण्डमा रहि प्रत्येक वडाबाट १/१ वटा योजना वडा समितिको निर्णय सहित नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा तराइ मधेश समृद्धि कार्यक्रम निर्देशिका २०७७ अनुसार आगामी आ.व. ०७८/७९ को लागि प्रत्येक वडाबाट १/१ वटा योजना माग गरी प्रकाशित सुचना बमोजिम तराइ-मधेस समृद्धि कार्यक्रम केन्द्रीय समन्वय इकाईको रिपोर्टिङ सफ्टवेयरमा योजना प्रविष्ट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्रधान मन्त्री रोजगार कार्यक्रम र उद्यम विकास कार्यक्रम समितिको बैठकले गरेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा स्वास्थ्य क्षेत्र अन्तर्गत कार्य गर्ने क्लिनिक तथा मेडिकलको व्यवसाय सम्बन्धि दर्ता तथा नविकरण शुल्क (कर) प्रदेश सरकारले निर्धारण गरे बमोजिम कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बहुयामिक नमूना ग्राम कार्यक्रम संचालनको लागि राप्ती नगरपालिका वडा नं. १०, ११,१२ र १३ को चेपाङ समुदायको बाहुल्य र जनसंख्या बढी भएको पहाडी भेगका ४ वटा मध्य कुनै एक वडामा तोकिए अनुसार कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा भूकम्प पिडित लाभग्राहीहरुले दोस्रो किस्ता लागि र दोस्रो किस्ता प्राप्त लाभग्राहीहरुले तेस्रो किस्ताको तुरुन्तै आवेदन दिन र आवश्यक पक्रिया अघि बढाउने र जनताआवास कार्यक्रमको खरको छानो विस्तापित गर्न खरको छानो भएको नागरिकहरुको विवरण तयार गर्न परियोजनाबाट प्राप्त हुन आएका फारम भर्न, वडामा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा राप्ती नगरपालिका अन्तर्गत पशु प्रयोग शालाको भवन निर्माण गर्ने क्रममा केही आइटम छुट हुन गएकोले लगत इष्टिमेट बमोजिम थप लाग्ने रु ५१९३८६.२४ बराबरको बजेट थप गरि भेरियसन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

मिति २०७७।१०।१६

बैठक संख्या : ८२

**निर्णय नं ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा विगत देखि यस कार्यालयमा अभिछिन्न रुपमा कार्यरत सेवा करारका कर्मचारीहरुको मिति २०७७।०९।३० मा समाप्त भएकोले निजहरुको सेवा अझै पनि आवश्यक भएको हुँदा मिति २०७८ असार मसान्त सम्मको लागि सेवा नविकरण गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा राप्ती नगरपालिका चितवनको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी कार्यविधि २०७७ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा राप्ती नगरपालिकाको चौतर्फी विकासको कार्य दिगो रुपमा अघि बढाउन दिगो विकास सम्बन्धी कार्यविधि २०७७ तयार गर्न विद्यायन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा रासायनिक मल विक्री वितरण गर्न भिविन्न एग्रोभेटबाट माग भएकोको राप्ती नगरपालिकाको प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कृषी शाखाको प्रमुख र एग्रोभेट तथा कृषी सहकारी संस्थाहरुको संयुक्त बैठक बसी छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा राप्ती नगरपालिका वडा नं. ४ को वनदेवी मार्ग र वडा नं. १३ को पोल्पिङको बाटोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको र हाल सम्म त्यस बाटोको भुक्तानी नदिएको हुँदा अख्तियारबाट सम्पन्न कामको मुल्याङ्कन गरि भुक्तानी दिन मौखिक रुपमा जानकारी प्राप्त भएकोले भुक्तानी दिन पत्र प्राप्त भएपछि भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा राप्ती नगरपालिका तथा वडाबाट विद्युतीकरणको लागि विनियोजित बजेटबाट लगत इष्टिमेट तयार गरि इष्टिमेट बमोजिम विद्युत प्राधिकरण रत्ननगरको खातामा रकम जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा रोजगारी सिर्जना गर्नका लागि सहुलियपूर्ण ऋण लगानी गर्न प्रदेश सरकारबाट जारी ब्रोसर बमोजिमका सूचना सम्पूर्ण नगरभरी प्रचारप्रसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा खाद्य तथा पोषण सुरक्षा योजनाको लागि फियान नेपालबाट प्रस्तावित कार्यक्रम वडाको समन्वयमा संचालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा राप्ती नगरपलिका वडा नं. ७ स्थित लामो समय देखि बन्द अवस्थामा रहेको बैरहनी कुलो रहेकोको स्थानमा बाटोको अति आवश्यक भएकोले उक्त कुलो रहेको स्थानमा बाटो निर्माण गर्न वडाको सिफारिस बमोजिम गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

मिति २०७७।१०।१६

बैठक संख्या : ८२

**निर्णय नं. १८**

प्रस्ताव नं. १८ माथि छलफल गर्दा राप्ती नगरपालिका वडा नं. २ को वडा कार्यालय भवनमा प्राविधिकबाट मुल्याङ्कन भएको कार्यमा असन्तुष्टि रहेको र पुन मुल्याङ्कन गर्न माग गरेको हुँदा सो योजना प्राविधिकलाई पुन यथार्थ मुल्याङ्कन गर्न लगाउन निर्णय गरियो ।

**निर्णय नं. १९**

प्रस्ताव नं. १९ मा छलफल हुँदा राप्ती नगरपालिका वडा नं. ६ को सिफारिस बमोजिम सुर्यटोल पूर्वारी गाउँ उप्रेती टोल बाटो ग्रेवल नामक योजनाको सट्टा खुरखुरेटोल हुदै सव स्टेशन जोड्ने बाटो ग्रेवल योजना सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

प्रस्ताव नं. २० माथि छलफल हुँदा राप्ती नगरपालिकाको प्रारम्भिक वातावरणीय परिक्षण कार्यसूची (TOR) स्वीकृत गरी प्रारम्भिक परिक्षण गर्ने कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २१**

प्रस्ताव नं. २१ माथि छलफल हुँदा राप्ती नगरपालिका वडा नं. २ निवासी प्रेम बहादुर प्रजाको छोरा विशाल चेपाङको शरिरमा आगो लागि जलेकोले उपचारको क्रममा कहिकतैबाट छुट वा सहयोग नपाएको र निज अति विपन्न परिवारको सदस्य तथा चेपाङ समुदाय सदस्य भएकोले विपत व्यवस्थापनको शिर्षकबाट भुक्तानी गर्ने गरी रु ५०,०००। (अक्षेरुपी पचास हजार) सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

प्रस्ताव नं. २२ माथि छलफल गर्दा राप्ती नगरपालिकाको कार्यालय प्रयोजनको नगरपालिका नजिकै रहेको घर विगत देखि भाडामा लिइ कार्यालय संचालन भइ रहेकोमा उक्त भाडा दर ज्यादै न्यून रहेको र न्यूनतम तल्लो फ्लाटको ४ कोठाको भाडा रु २६०००। प्रतिमहिना पाउँ भनि घरधनि श्री विजुला पाठकले निवेदन पेश गर्नु भएकोले उक्त घरबाट सेवा प्रवाह गर्न नगरपालिकालाई सहज र अन्यन्त्र कार्यालय प्रयोजनार्थ नजिकै उपयुक्त घर समेत नभएकोले निवेदकको माग अनुसार भाडादर रु २६०००। प्रति महिना कायम गरि घरभाडा दिने निर्णय गरियो ।

Scanned with CamScanner